Laxmi Laghubitta Bittiya Sanstha Ltd.
लक्ष्मी लघुवित्त वित्तीय संस्था लि.
लक्ष्मी बैंक लि. को सहायक कम्पनी।

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्ग (राष्ट्रीयस्तर) को इजाजत प्राप्त वित्तीय संस्था)

पं.सं. एलएक्सएलबि/कंस/२०७८/७९/2290  मिति :२०७८/०७/१६

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड

सिंहदरवार प्लाजा, काठमाण्डौं

**विषय : वार्षिक साधारण सभा तथा बुक क्लोज सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०७८/०७/१५ गते बसेको १४१ औं बैठकले कम्पनीको दशौं वार्षिक साधारण सभा र शेयर दाखिल खारेजको मिति तपशिल अनुसार गर्ने निर्णय गरेको ब्यहोरा जानकारीको लागि अनुरोध छ । साधारण सभा सम्बन्धी सूचाना मिति २०७८ कार्तिक १६ गते कारोवार राष्ट्रिय दैनिकमा समेत प्रकाशन भएको छ । साथै नेपाल राष्ट्र बैंकबाट सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम निम्न अनुसार लाभांश स्वीकृत भएको ब्यहोरा पनि जानकारीको लागि अनुरोध छ ।

**नगद लाभांश** : ७.३६८४२१ प्रतिशतले हुन आउने रु.२,३५,८२,२६३।- (अक्षरेपी दुई करोड पैतीस लाख बयासी हजार दुई सय त्रीसट्ठी मात्र)- बोनस शेयर तथा नगद लाभांशको कर समेत

**बोनश शेयर प्रतिशत** : २०.०० प्रतिशतले हुन आउने रु.६,४०,०९,०००।- (अक्षरेपी छ करोड चालिस लाख नौं हजार मात्र)

**हालको चुक्ता पुंजी :** ३२ करोड ४५ हजार

**शेयर दाखिल खारेज** : २०७८/०७/३० गते मंगलबार बन्द रहनेछ ।

**साधारण सभाको मिति/स्थान :** २०७८ मंसिर १० शुक्रवार, अग्रवालभवन, कमलपोखरी, काठमाण्डौं ।

***पुनश्च*** *: नगद लाभांश तथा बोनश शेयर वितरण सम्बन्धि सञ्चालक समितिको निर्णयको जानकारी यस अगावै नै गराई सकिएको ब्यहोरा समेत अनुरोध छ ।*

**संलग्न**

१ बार्षिक साधारण सभा सम्बन्धि प्रकाशित सुचना ।

भवदिय,

(सुन्दर प्रसाद श्रेष्ठ)
कम्पनी सचिव

केन्द्रीय कार्यालय, कपन मार्ग, महाराजगञ्ज काठमाण्डौ, नेपाल । फोन: ०१४३७३६८२ ,४३७३६०४ ईमेल: info@laxmilaghu.com.np
Central Office, Kapan Marg, Maharajgunj, Kathmandu, Nepal. Tel: 01-4373682, 4373604 email: info@laxmilaghu.com.np

Laxmi Laghubitta Bittiya Sanstha Ltd.
लक्ष्मी लघुवित्त वित्तीय संस्था लि.

# दशौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस संस्थाको मिति २०७८/०७/१५ मा सम्पन्न सञ्चालक समितिको १४१औं बैठकको निर्णय बमोजिम संस्थाको दशौं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुंदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, स्थान र समय :**

मिति : २०७८ मंसिर १० गते शुक्रवार (तदनुसार २६ नोभेम्बर, २०२१)

समय : बिहान ११ बजे

स्थान : अग्रवाल भवन कमलपोखरी, काठमाण्डौं

(विश्वभर फैलिएको कोभिड-१९ महामारीको जोखिमको कारण सुरक्षा सम्वन्धि मापदण्ड अपनाउन तथा भीडभाड नगर्ने उद्देश्यले शेयरधनीहरुलाई भर्चुअल माध्यमबाट सहभागिता जनाउने व्यवस्था समेत मिलाईएको छ।

**छलफलका लागि प्रस्तावित विषयहरु :**

**क) सामान्य प्रस्ताव :**

१) दशौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तको वासलात तथा आ.व.२०७७/७८ को नाफा नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने।

३) संस्थाको लेखापरीक्षण समितिबाट सिफारिस भए बमोजिम आ.व. २०७८/७९ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने।

४) संस्थाको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पुँजीको ७.३७ प्रतिशतको दरले रु. २,३५,८२,२६३/- (अक्षरेपी दुई करोड पैंतिस लाख बयासी हजार दुई सय त्रिसट्ठी मात्र) बराबर नगद लाभांश (बोनश शेयर तथा नगद लाभांशमा लाग्ने कर प्रयोजनका लागि समेत) वितरण गर्ने ।

**ख) बिशेष प्रस्ताव :**

१) संस्थाको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम संस्थाको हालको चुक्ता पुँजीको २० प्रतिशतका दरले रु.६,४०,०९,०००।- (अक्षरेपी छ करोड चालिस लाख नौ हजार मात्र) बराबरको बोनश शेयर जारी गर्ने।

२) उल्लेखित बोनश शेयर जारी गर्नका लागि आवश्यक हद सम्म जारी तथा चुक्ता पुँजी बृद्धि गर्ने।

३) बुँदा नं. (१) र (२) सम्बन्धी प्रस्ताव कार्यान्वयनका लागि संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धी प्रस्ताव र सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम प्रवन्धपत्र तथा नियमावलीमा अन्य संशोधन पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुवाट कुनै फेरवदल वा सुझाव आएमा आवश्यक संशोधन/समायोजन गर्न संस्थाको सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको कुनै पदाधिकारीलाई अख्तियारी दिने।

४) लक्ष्मी लघुवित्त वित्तीय संस्थाले अन्य ईजाजतपत्र प्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थालाई प्राप्ति (Acquisition) गर्ने सम्बन्धमा आवश्यक सम्पूर्ण प्रक्रिया पुरा गर्न सञ्चालक समितिलाई दिईएको अख्तियारीलाई निरन्तरता दिने।

**ग) विविध**

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

**दशौं वार्षिक साधारण सभा सम्बन्धी सामान्य जानकारी :**

(१) दशौं वार्षिक साधारण सभा, बोनस शेयर तथा नगद लाभांश प्रयोजनको लागि संस्थाको शेयर दाखिल खारेजको काम २०७८ **साल कार्तिक ३० गते मंगलवार** बन्द रहनेछ। नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०७८/०७/३० भन्दा अघिल्लो दिन सम्म कारोवार भई संस्थाको शेयरधनी कितावमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन तथा बोनस शेयर र नगद लाभांश पाउन योग्य हुनेछन्।

(२) लेखापरिक्षकको प्रतिवेदन सहित संस्थाको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, कम्पनी ऐन, २०६३ को दफा ७८ बमोजिमको प्रतिवेदन समेतका कागजातहरु संस्थाको केन्द्रीय कार्यालय, महाराजगञ्ज काठमाडौंमा र शेयर रजिष्ट्रार श्री लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँ बानेश्वर, काठमाडौंमा कार्यालय समय भित्र निरीक्षण गर्न तथा त्यसको प्रतिलिपी माग गरेमा प्रतिलिपी दिने व्यवस्था मिलाईएको छ। वार्षिक प्रतिवेदनको प्रति संस्थाको वेबसाइट www.laxmilaghu.com.np मा समेत उपलब्ध हुनेछ।

(३) भर्चुअल माध्यम मार्फत आफ्नो राय, सुझाव तथा जिज्ञासा राख्न चाहने शेयरधनी महानुभावहरुले agm@laxmilaghu.com.np मा इमेल गरी वा ९८५११४८०७४/९८५१२७६७८९ सम्पर्क गरी सभा हुनु भन्दा ४८ घन्टा अगावै आफ्नो नाम र इमेल ठेगाना टिपाउनु पर्नेछ। यसरी इमेल ठेगाना दिनुहुने शेयरधनी महानुभावहरुलाई कार्यक्रमको Link/Meeting ID/ Passcode इमेलबाटै उपलब्ध गराइने छ।

(४) सभामा भाग लिनका लागि प्रतिनिधि (Proxy) नियुक्त गर्न चाहने शेयरधनीहरुले संस्थाको अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गरी सो सम्बन्धी निवेदन सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै अर्थात २०७८/०८/०८ गते बिहान ११ बजे भित्र श्री लक्ष्मी क्यापिटल मार्केट लिमिटेड नयाँ बानेश्वर, काठमाडौंमा दर्ता गराई सक्नु पर्नेछ। प्रतिनिधिपत्र ((Proxy-Form) प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा हुनु पर्नेछ।

(५) कुनै संगठित संस्था वा कम्पनीको प्रतिनिधिले निज संस्थाको शेयरधनी नभए पनि शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नेछ। यसरी प्रतिनिधि पठाउँदा सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै संस्था वा शेयर रजिष्ट्रारलाई लिखित रुपमा जानकारी गराई सक्नुपर्नेछ।

(६) एक जना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (Proxy) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ। तर प्रतिनिधि (Proxy) दिने शेयरधनीले आफूले अघि दिएको प्रतिनिधि (Proxy) बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि (Proxy) नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधि (Proxy) ले सभामा भाग लिन पाउने छ, यस्तो अवस्थामा अघिल्लो प्रतिनिधि (Proxy) स्वतः वदर भएको मानिनेछ।

(७) साधारण सभा सम्बन्धी विस्तृत विवरण संस्थाको website: **www.laxmilaghu.com.np** मा उपलब्ध छ।

**लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेड**

**केन्द्रीय कार्यालय, महाराजगञ्ज, काठमाण्डौं, फोन ४३७३६८२/४३७३६०४** www.laxmilaghu.com.np